# प्रहरीद्वारा भएको गिरफ्तारी तथा दमनसम्बन्धी
# नेपाल तामाङ घेदुङ र नेपाल मगर संघद्वारा जारी संयुक्त प्रेस विज्ञप्ती

तामाङ र मगर लगायत समस्त आदिवासी जनजाति समुदायलाई नै अपराधीकरण गर्नेगरी विवादास्पद अभिव्यक्ति दिने कानुन व्यवसायी भगवती पाण्डे (शितल) लाई पक्राउ गरी कानुन बमोजिम कार्वाही गरियोस् भनी माग राख्दै मिति २०८० साउन १७ गते जिल्ला प्रहरी परिसर टेकु, काठमाडौं घेराउ कार्यक्रममा प्रहरीले अनावश्यक बल प्रयोग गरी तीन दर्जन बढी आन्दोलनकारीलाई पक्राउ गरी चरम यातना दिएको र लाठी चार्ज गरी घाइते बनाएकोमा हामी प्रहरी प्रशासनको यो रबैयाको घोर भर्त्सना गर्दछौं ।

आफ्ना मागहरु शान्तिपूर्ण रुपले राख्दै प्लेकार्ड र आवाजमार्फत प्रहरी परिसर अगाडि आन्दोलन गरिरहेका आन्दोलनकारीहरुलाई अनावश्यक बल प्रयोग गरी पक्राउ गरिनु र निहत्था आन्दोलनकारीलाई मरणासन्न हुनेगरी कुटपिट गरी घाइते समेत बनाइनु अत्यन्तै दुःखद, निन्दनीय र लज्जास्पद पनि छ ।

अनावश्यक बल प्रयोग गरी पक्राउ गरेका सबै आन्दोलनकारीहरुलाई निशर्त तत्काल रिहा गरियोस् भनी हामी माग राख्दछौं र घाइते साथीहरुको शिघ्र स्वास्थ्य लाभको पनि कामना गर्दछौ । यदि हाम्रो मागलाई बेवास्ता गरी पक्राउ परेका व्यक्तिहरुलाई रिहाइ नगरेमा भोलिदेखि अनिश्चितकालीन देशव्यापी आन्दोलन गर्ने समेत चेतावनी दिन चाहन्छौं ।

| | |
|---|---|
| ............................. | ............................. |
| **मोहन गोले तामाङ** | **ज्ञानेन्द्र पुन मगर** |
| अध्यक्ष | अध्यक्ष |
| नेपाल तामाङ घेदुङ सङ्घीय समिति | नेपाल मगर संघ केन्द्रीय समिति |

मिति २०८० साउन १७ गते बुधबार ।